# बाझो जग्गा उपयोग अनुदान कार्यविधी -२०७७

बारपाक सुलिकोट गाउँपालिका अन्तर्गत कृषी योग्य जमिनको उपयोग गरी अनुपस्थित भु-स्वामित्वलाई निरुत्साहित गरी कृषी व्यवसायबाट स्वरोजगारी सृजना गरी सम्भावित भोक **बाझो जग्गा उपयोग अनुदान कार्यविधी** मरी, कुपोषण निर्मुल गरी पोषण, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई प्रवर्द्धन गर्नको लागि कृषी व्यवसाय प्रवर्दन ऐनले दिएको अधिकार प्रयोग गरी बारपाक सुलिकोट गाउँपालिकाले यो कार्यविधी बनाई लागु गरेको छ ।

## परिच्छेद -१

**१) संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधीको नाम बाझो जग्गा उपयोग अनुदान कार्यविधी- २०७७ रहनेछ ।

ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

ग) यो कार्यविधी बारपाक सुलिकोट गाउँपालिका भर लागु हुनेछ ।

## परिच्छेद -२

**२) विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधीमा,**

क) गाउँपालिका भन्नाले बारपाक सुलिकोट गाउँपालिका जनाउछ ।

ख) अध्यक्ष भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउछ ।

ग) कृषी शाखा भन्नाले बारपाक सुलिकोट गाउँपालिका कार्य विभाजन नियामावली २०७६ को अनुसुची-१ बमोजीममा उलेखित कृषी शाखालाई जनाउछ ।

घ) समिति भन्नाले कृषक छनौट समितिलाई जनाउछ ।

ङ) बाझो जमिन भन्नाले कृषी योग्य भुमी भइकन कम्तीमा दुई वर्ष देखि खेती नभई खालि रहेको जमिनलाई जनाउनेछ ।

च) खाद्यान्न बाली भन्नाले धान, मकै, गहु, जौ, कोदो लगायतका बालीलाई जनाउनेछ ।

छ) तरकारी बाली भन्नाले सागब सब्जी सिमी बोडी फर्सी लगायतका बालीलाई जनाउनेछ ।

ज) मसला बाली भन्नाले खुर्सानी, जिरा, धनिया लगायतका बालीलाई जनाउनेछ ।

झ) फलफुल बाली भन्नाले केरा, सुन्तला, आँप, लिची लगायतका अन्य फलफुल बालीलाई  जनाउनेछ ।

ञ) लाभग्राही किसान भन्नाले छनौट समितिदले छनौट गरेका बाझो जग्गामा खेती गर्नका लागि करार भएका किसानलई जनाउनेछ ।

## परिच्छेद -३

**३) वाझो जग्गाको लगत राख्नेः**

क) यो कार्यविधी प्रारम्भ भएको १५ दिन भित्र वाझो जग्गाको लगत राख्ने काम प्रारम्भ हुनेछ ।

ख) वाझो जग्गाको एकिकृत लगत राख्ने मुख्य काम गाउँपालिकाको कृषी शाखाले गर्ने छ ।

ग) लगत राख्ने काम अनुसुची-१ बमोजीमको ढाचामा राख्नु पर्नेछ  ।

घ) यस बारपाक सुलिकोट गाउँपालिका भित्र लगत राख्ने प्रयोजनको लागि जुनसुकै खेतियोग्य जमिन खालि रहेको विवरण उपलब्ध गराउन गाउँपालिका कृषी शाखाले प्रत्येक वडा कार्यालय मार्फत सार्वजनिका ७ दिने सुचना प्रकाशित गर्ने छ ।

ङ) नियम (घ) वमोजिम सार्वजनिका सुचना जारी भएपछि आफ्नो वाझो जग्गाको विवरण उपलब्ध अनिवार्य रुपमा नजिकको वडा कार्यालयलाई सम्वन्धित जग्गा धनि वा नजिकको हकवालाले गर्नुपर्ने छ ।

च) नियमा ङ वमोजिम बमोजिम बाझो जग्गाको विवरण उपलब्ध वडा कार्यालय वा गाउँपालिका कार्यालयलाई जानकारी नगराएको खण्डमा प्रति रोपनी २००।– रुपैया जरिवाना गरिनेछ ।

छ) कृषीयोग्य जमिन हो होईन भन्ने विषयमा विवाद उत्पन्न भएमा मालपोत कार्यालयमा रहेको दर्ता श्रेस्ता अनुसार अन्तिम निर्णय गाउँपालिका न्यायीक समितीले गर्ने छ ।

ज) वाझो जग्गाको लगत राख्ने क्रममा जग्गाधनीलाई अनुसुची -३ वमोजिमको फारम अनिवार्य रुपमा भराउनु पर्नेछ ।

## परिच्छेद -४

**४) अनुदान उपलब्ध गराउने आधारहरु**

क) दुइ वा दुइ भन्दा बढी वर्ष खेती नगरी खाली भएको जमिनलाई मात्र अनुदान उपलब्ध गराईने छ ।

ख) दुई वा दुई भन्दा बढी वर्ष खेती नगरी बाझो रहेको जग्गामा यस कार्यविधी बमोजिमको सर्त र मापदण्ड बमोजीम खेतिपाती गरेमा स्वयम् जग्गा धनी निजको अंसियार वा सो को भन्दा वाहेकको जो कोही व्याक्ती वा फर्मले खेती बाली लगाएको अवस्थामा समेत अनुदान दाबी गर्न सक्नेछन् ।

ग) अनुदान सम्बन्धि मापदण्ड अनुसुची-२ वमोजीम हुनेछ ।

घ) अनुदान उपलब्ध गराउदा वडा कार्यालयको अनुगमन प्रतिवेदनलाई आधार बनाईनेछ ।

**५) वजेट सम्बन्धि व्यवस्था**

क) वाझो जग्गामा खेतीपाती गर्ने कृषकहरुलाई उपलब्ध गराईने वजेटको व्यवस्था गाउँ सभाले गर्ने छ ।

ख) अनुदान स्थानीय वजेट भित्र समावेश गरेर उल्लेखित मापदण्डको आधारमा मात्र उपलब्ध गराईनेछ ।

## परिच्छेद ५

**६) भुक्तानी प्रक्रिया**

**अनुदान रकम र भुक्तानी प्रक्रिया देहायबमोजीमको आधारमा हुनेछ**

क) कार्यक्रम सञ्चालनको लागि अनुसुचीमा उल्लेखित भएको मापदण्डको आधारमा अनुदान प्रदान गरिनेछ, अन्य स्रोत आवेदक आफैले व्यवस्था गर्नुपर्ने छ ।

ख) अनुदान दावी गर्दा देहाय बमोजिम कागजात पेश गर्नु पर्नेछ ।

१) वडा स्तरीय अनुगमनको प्रतिवेदन,

२) विल भदरपाई भए सो को विल भरपाई,

३) निवेदन,

४) खेती गरेको जग्गाको फोटो १ प्रति

**७) जमिन भाडामा दिनुपर्ने वाध्यकारी व्यवस्था बारेः**

आफूले आफ्नो बाझो जमिन खेति गर्न असमर्थ भएमा गा.पा. ले तोकेको दरमा निजले इच्छुक व्याक्तीलाई / वडा कार्यालयले सिफारिस गरेको व्याक्तीलाई अनिवार्य खेती गर्ने दिनुपर्ने छ ।

**स्पस्टीकरणः**बाझो जमिनको भाडा खेतको रु ५००।– प्रति रोपनी र पाखो बारीको रु ४००।– प्रति रोपनी

## परिच्छेद -५

### छनौट प्रक्रिया

**८) सार्वजनिक सुचनाजारी भएपछि प्राप्त निवेदनको आधाराम छनौट प्रक्रियामा देहाय वमोजीम हुनेछ ।**

क) वाझो जमिनमा खाद्यान्न वा नगदे बाली लगाउन चाहने कृषकले सार्वजनीक सुचना प्रकाशित भएको ७ ( सात) दिन भित्र नजिकको वडा कार्यालय वा गाउँपालिकाको कृषी शाखामा निवेदन दिन सकिनेछ ।

ख) निवेदन संकलन भईसकेपछि छनौट प्रक्रिया आराम्भ हुनेछ । उपलब्ध जमिनको अवस्था र निवेदकको संख्यासँग सन्तुलन कायम गरी लाभग्राही किसानको छनौट प्रक्रिया शुरु हुनेछ ।

ग) छनौट प्रक्रिया दर्ता किसान वा कृषी फर्म र असङ्गठीत क्षेत्रमा रोजगार गुमाएर किसान तथा विपन्न मानिसहरुलाई प्राथमिकता दिईनेछ ।

घ) नियम ३ बमोजिम विपन्न किसान छनौट गर्दा हालै मात्र covid- 19 को लकडाउनको समयमा राहत वितरण गर्दाको समयमा राहत पाउने व्याक्तिहरुको मापदण्डलाई आधार वनाईनेछ ।

**८) उपनियम क,ख,ग,घ वमोजिम कृषकहरुको छनौट गर्न देहाय वमोजीमको एक समिती रहनेछ** ।

१) गाउँपालिका अध्यक्ष -संयोजक

२) आर्थिक विकास समितिको संयोजक -सदस्य

३) प्रमुख प्राशसकिय अधिकृत – सदस्य

४) गाउँपालिकाको प्रशासन सेवाको अधिकृत- सदस्य

५) कृषी शाखा प्रमुख- सदस्य सचिव

२) वैठक सम्वन्धि कार्यविधी समितीले आफै व्यवस्थित गर्ने छ। वैठक  आवश्यकता अनुसार अध्यक्ष ले तोकेको समयमा र समयमा आवश्यकता बमोजिम बस्नेछ।

**९) नियम ८ बमोजिम छनौट भएका लाभग्राही किसान वा कृषक विच गाउँपालिका कृषी शाखा र करार सम्झौता कम्तिमा दुई वर्षको हुनेछ। सो करार सम्झौताका सर्तहरु देहायवमोजीम हुनेछ।**

क) कम्तीमा २ वर्षको खेती गर्नुपर्नेछ।

ख) जग्गाको प्रयोग असल  नियतले गर्नुपर्नेछ।

ग) जग्गा धनीको अनुमती वेगर जग्गाको कुनै भौतिक स्वरुपमा परिवर्तन गर्न पाईने छैन।

घ) जग्गा जमिनको उत्पादन र उत्पादकत्व हुने गरी प्रयोग गर्नुपर्ने छ।

ङ) करार सम्झौता भंग गरेमा पाउने सम्भावित अनुदान वरावरको जरिवाना गर्न सकिनेछ।

**१०). समितीको सचिवालय सम्बन्धि व्यवस्थाः**

क) छनौट समितीको सचिवालय कृषी शाखामा रहनेछ।

ख) सचिवालयले यस कार्य विधीको कार्यावयन  गर्ने, छनौट समितीको निर्णय कार्यानवयन गर्नुका अतिरिक्त अन्तर शाखा समन्वय वडा कार्यालयसँग समन्वय गर्ने काम गर्नेछ।

**११ ) संसोधनः** यस कार्यविधीको संसोधन आवश्यकता बमोजीम गाउँकार्यपालिकाले गर्नेछ।

**१२) वाधा अड्काउ फुकाउः** यस कार्य विधी कार्याबयनमा दुविधा आएमा गाउँ कार्यपालिकाले तत् विषयमा उपयुक्त आदेश जारी गर्ने सक्नेछ।

**अनुसुची -१**

| क्र स. | जग्गा धनीको नाम सहित तिनपुस्ते विवरण | जग्गा धनीको ठेगना | जग्गा अवस्थित | कि नं. | क्षेत्रफल | किसिम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**अनुसुची -२**

| बालीको नाम | अनुदान/प्रतिरोपनी | कैफियत |
|---|---|---|
| खाद्यान्न बाली | रु ३०००।– | जग्गाको क्षेत्रफल र उत्पादकत्व समेत अनुगमन प्रतिवेदन समेतलाई आधार वनाईनेछ । |
| तरकारी बाली | रु ३०००।– | |
| मसला बाली | रु २५००।– | |
| फलफुल बाली | रु २०००।- | |

**अनुसुची- ३**

बारपाक सुलिकोट गाउँ पालिका
गाउँकार्यपालिकाको कार्यालय
ताकुकोटगोरखा ,

बाँझो भूमि तथ्याङ्क सँकलन फारम

---

१) वडा नम्बर :

२) वस्तीको नाम :

३) जग्गा धनीको नाम :

४) हाल जग्गा धनी स्थायी रुपमा बस्ने ठेगाना :

गाउँमा नै जिल्ला भित्र तर अन्य ठाऊँमा

काठमाण्डौ

५) जमीन बाँझो हुनुको कारण :

६) बाँझो जमीन जग्गा धनी कृषि खेती सुरु गर्न इच्छुक छन् ?

छन् छैन

७) यदि छन् बने कहिलेबाट खेती सुरु गर्ने योजना छ ?

८) यदि छैन भने खेती नगर्नुको कारण ?

९) के जग्गा धनी अरुलाई कृषि उत्पादनका लागि भाडामा ( लिजमा) दिनको लागि तयार छन् ?

छन् छैन

१०) बाँझो जमीनको कुल क्षेत्रफल (रोपनी)

११) सिँचाई सुविधा छन् छैन

१२) सिँचाई कुलोको अवस्था कस्तो छ ?

१३) बाँझो जमीनमा हुन सक्ने सन्भावित कृषि खेतीको नाम

१४) सम्भावित कृषि खेतीबाट हुने अनुमानित उत्पादन

१५) बाँझो जमीनमा सम्भावित कृषि खेतीबाट हुने अनुमानित उत्पादन

मिति २०७७/०१/२४ गते बसेको गाउँ कार्यपालिकाको वैठकले सर्वसम्मत रुपमा पारित गरेको बाझो जग्गा उपयोग अनुदान कार्यविधी -२०७७, स्थानिय सरकार ऐन, २०७४ को दफा १०२ बमोजिम प्रमाणिकरण गर्दछु ।

नामः विष्णु प्रसाद भट्ट

पदः गाउँपालिका अध्यक्ष

दस्तखतः